## महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको
## २ औं बार्षिक साधारण सभाको विवरण तथा निर्णयहरु

**१ बैधानिक सभा :**

महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७६/०७/३० गते वसेको १७ औ वैठकको निर्णय अनुसार कम्पनी ऐन २०६३, बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावली वमोजिम संस्थाको दोश्रो वार्षिक साधारण सभा सी.डब्लु.क्याफे कमलादी काठमाडौमा यस संस्थाका अध्यक्ष श्री तारा कुवार ज्यूको अध्यक्षतामा विहान ११:०० वजे वस्यो । साधारण सभामा भएको उपस्थिति, छलफलको विषय र निर्णयको व्यहोरा निम्न अनुसार छ ।

**२ उपस्थिति**

**क) संचालकहरुको उपस्थिति :**

| क.स | विद्यमान संचालकको नाम | प्रतिनिधित्व | ग्रहण गरेको शेयरकित्ता |
|---|---|---|---|
| १ | श्री तारा कुवर | महिला अधिकार तथा विकास केन्द्र र व्यक्तिगत | १०,००० |
| २ | श्री आमोद श्रेष्ठ | माछापुच्छ्रे बैक लि. | १,४०,००० |
| ३ | डा. इमान सिहं गुरुङ | व्यक्तिगत | १,४५,००० |
| ४ | श्री इन्दु कुमारीकार्की | व्यक्तिगत | २०,००० |
| ५ | श्री कोपिला पोखरेल | स्वतन्त्र | ० |

**ख) अन्य पदाधिकारी तथा एवं पर्यवेक्षकको उपस्थिति :**

| क.स | अन्य पदाधिकारी | पद | प्रतिनधित्व |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद न्यौपाने | प्रमुख कार्यकारी अधिकृत | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड सांगा काभ्रे । |
| २ | श्री युद्धराज ओली | सी.ए | वर्तमान लेखापरिक्षक श्री पी.वाइ.सी एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स |
| ३ | श्री भक्तिराम घिमिरे | कानुनी सल्लाहकार | |

**गं) शेयरधानी उपस्थिति विवरण :**

वित्तीय संस्थाको कुल शेयरधनी संख्या यस प्रकार रहेको छ ।

संस्थापक शेयर धनी संख्या : २० -वीस)

सर्वसाधारण शेयरधनी संख्या : ०

रहेकोमा सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

| शेयर संख्या संस्थापक समुह | शेयर रकम | संस्थापक समुह उपस्थित | सर्वसाधारण |
|---|---|---|---|
| ६,००,००० | ६,००,००,०००/ | १९ | छैन |

**३. सभाको वैधानिकता:**

**क) सभाको बारेमा सार्वजनिक सूचना :**

सभाको शुरुमा सभाको वैधानिकता सम्वन्धमा छलफल भयो । कम्पनीका शेयरधनीहरुलाइ कम्पनी ऐनको दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम ४(३) वमोजिम सभा हुने मिति स्थान समय र छलफलको विषयको सुचना शेगरधनी महानुभावहरुलाई जानकारीको लागि मिति २०७६ मंसीर ९ गतेको सौर्य दैनिक राष्ट्रिय स्तरको पत्रिकामा रित पूर्वको सुचना प्रकाशित गरिएको र आ.व २०७५/७६ वार्षिक प्रतिवेदन सभाको सुचना तथा प्रोक्सी फारामहरु यस संस्थाको website मार्फत सार्वजनिक गरिसकिएको व्यहोरा कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद न्यौपानेबाट जानकारी गराइयो ।

**ख) गणपुरक संख्या :**

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आबश्यक गणपुरक संख्या कम्पनीको शेयरधानीहरु वा उपस्थित शेयरधनीहरुले ग्रहण गरेको साधारण शेयरहरुको संख्या देहाय बमोजिम रहेको व्यहोरा कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेबाट अवगत भई उपस्थित शेगरधनीहरुले उपरोक्त व्यहोरा जानकारी लिदै सभा कानुन बमोजिम बोलाइएको हुदा पुर्व सुचित प्रस्तावहरुमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

सभामा कुल चुक्ता पुँजी ६ लाख कित्ता मध्ये ५ लाख ९५ हजार कित्ताको प्रतिनित्व गर्ने २० जना शेयरधनीहरु मध्ये १९ जनाको उपस्थित भएकोले कम्पनी ऐनको दफा ७३ तथा कम्पनी नियमावलीको नियम २३ वमोजिम वार्षिक साधारण सभाको लागी आवश्यक गणपुरक संख्याको प्रतिनित्व पुगेकोले कम्पनी ऐनको दफा ६९ वमोजिम वैद्य यस कम्पनीको वार्षिक साधारण सभालाई वैध घोषित गरी विधिवत रुपमा सभा संचालन गर्न अध्यक्षज्यूले अनुमति दिनु भई वार्षिक साधारण सभा संचालन भयो ।

**४. सभामा प्रस्तुत भएका छलफलका विषयहरु :**

शेयरधनीहरुको जानकारीको लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरुलाई वितरण गरेको आफ्नो प्रतिवेदनमा उल्लेख गरिए बमोजिम यस बार्षिक साधारण सभामा छलफलका विषयहरु देहायबमोजिम रहेका छन ।

क) सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व.२०७५/७६ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात, नाफा/नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षणको लागि लेखापरिक्षण समितिबाट सिफारिस भई आए बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (यस प्रयोजनका लागि वर्तमान लेखापरिक्षक श्री पी.वाइ.सी एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स पुनः नियुक्त हुन सक्नेछन्)
४. स्वतन्त्र संचालक पदमा संचालक समितिबाट नियुक्त भएको अनुमोदन गर्ने ।

ख) विशेष प्रस्तावहरु

१. वित्तीय संस्थाको अधिकृत पूँजी रु.६० करोड, जारी पूँजी रु.२० करोड तथा चुक्ता पूँजी रु.१० करोड कायम गर्ने प्रस्ताव पारित गर्ने ।
२. हाल वित्तीय संस्थाको हाल कायम रहेको जारी पूँजी रु. १०,००,००,०००/- को ४० प्रतिशतले हुन आउने रु.४,००,००,०००/- रकम बराबरको ४,००,००० कित्ता शेयर सर्वसाधारणलाई (संस्थामा कार्यरत कर्मचारीहरु तथा सामूहिक लगानी कोषलाई समेत) सार्वजनिक निष्काशन गर्ने प्रस्ताव पारित गर्ने र सो सम्वन्धि सम्पूर्ण कार्य गर्ने अख्तियारी वित्तीय संस्थाको संचालक समितिलाई प्रदान गर्ने ।
३. उपरोक्त बमोजिम प्रवन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी साधारण सभाबाट पारित हुने निर्णयमा थपघट, समायोजन वा फेरबदल गर्न नियमनकारी निकायबाट सुझाव वा निर्देशन भए अनुरुप गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

गं विविध ।

**५. सभाको सभापतित्व तथा उद्घाटन :**

यस बार्षिक साधारण सभा सञ्चालनका लागि बैधानिक आवश्यकता पुरा भएकोले कम्पनी ऐन २०६३ कोदफा ७४ (१) कम्पनीको नियमावलीमा भएको व्यबस्था अनुसार कम्पनीको संचालक समितिका अध्यक्ष श्री तारा कुवर ज्युलाई सभाको सभापतिव्व गर्न अनुरोध गरियो र सभापतिव्व गर्नुभयो । त्यस पछि सासद श्री तुल्सी थापा ज्यु बाट पानसमा बत्तीबाली सभाको उद्घाटन भयो ।

**६. स्वागत मन्तव्य :**

सभापतिको अनुमाति लिई संस्थाका कम्पनी सचिव श्री कृष्ण प्रसाद न्यौपानेले उपस्थित संचालक सममितिका सदस्य शेयरधनी महानुभावहरु एवं अन्य आमन्त्रित महानुभावहरुलाई हार्दिक स्वागत गर्नुभयो ।

**७. दोश्रो वार्षिक प्रतिवेदन प्रस्तुत :**

सभाको कामकारवाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री तारा कुवर ज्युले शेयरधनीहरुलाई सम्बोधन तथा स्वागत गर्दै संचालक समितिको बार्षिक प्रविवेदन पढेर सुनाउनु भयो । त्यस पछि लेखा परीक्षकको प्रतिवेदन सहितको २०७६ आषाढ मसान्तको वासलात तथा मिति २०७५ कात्तिक १ गतेबाट आषाढ मसान्त सम्मको नाफा/नोक्सान हिसाब सोही आबधीको नगद प्रवाह हिसाव सभा समक्ष छलफल तथा निर्णयको लागि प्रस्तुत गर्नुभयो । आ.व २०७५/७६ मा गरेको प्रगति तथा आ.व २०७६/७७ को भावी योजना तथा अन्य कार्यक्रमहरुका बारेमा विवरण प्रस्तुत गर्नु भयो । अन्तमा धन्यबाद दिदै शेयरधनीको तर्फबाट कुनै जिज्ञासा भए तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नु भयो ।

८. साधारण सभामा उठेका जिज्ञासा एवं प्रत्युत्तर :

१. शेयरधनी महानुभावहरुले वार्षिक प्रतिवेदनमा सवै पेजमा संचालक समितिको दस्तखत भएको पाना राखेर प्रतिवेदन तयार गर्न सुझाव दिनु भयो ।

१. शेयरधनीका प्रतिनिधीले राख्नु भएको जिज्ञासा र सुझावका सम्बन्धमा माछापुच्छ्रे बैकका प्रतिनिधी संचालक श्री आमोद श्रेष्ठ ज्यु ले संचालक समितिले जांच गरी पास गरेका प्रतिवेदन भएकाले प्राय राख्ने गरिदैन भन्ने जवाफ दिनुभयो ।

९. सभाका निर्णयहरु :

आजको सभामा शेयरधनी महानुभावहरुले दिनु भएको अमुल्य सुझाव सल्लाहलाई संस्थाले उच्च प्राथमिकता साथ कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पुर्व सुचित प्रस्तावहरुलाई क्रमस पारित गरिदिन अध्यक्ष ज्यु ले अनुरोध गर्नुभयो । सबै प्रस्ताव उपर सभाका शेयर शेयरधनीहरुको सर्वसम्मत निर्णयबाट देहायबमोजिमको पारित गरियो ।

सामान्य प्रस्तावहरु :

१. संचालक समितिको तर्फबाट **अध्यक्ष श्री तारा कुवर ज्यूले** प्रस्तुत गर्नु भएको आर्थिक वर्ष ०७५/०७६ को संचालक समितिको प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मतले पारित गरियो ।

२. आर्थिक वर्ष ०७५/०७६ को लेखापरीक्षकको प्रतिवेदन सहितको कम्पनीको बासलात तथा नाफा नोक्सान हिसाव सम्बन्धमा छलफल हुदा लेखापरिक्षक पी.वाइ.सी एण्ड एशोसियट्सद्वारा लेखा परिक्षण भई आएको लेखा परिक्षण प्रतिवेदन वार्षिक साधारण सभाबाट सर्वसम्मत पारित गरियो ।

३. आर्थिक वर्ष २०७५/२०७६ को लागि लेखा परिक्षक नियुक्ती र पारिश्रमिक सम्वन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७५/२०७६ को यस कम्पनीको लेखा परिक्षण गर्नको लागी पि.वाई.सि.एण्ड एशोसियटसलाई लेखा परिक्षकको रुपमा नियुक्ति गरी निजलाई वैधानिक लेखा परीक्षण, कर लेखापरीक्षण, लङफम लेखापरीक्षण, र प्रमाणिकरणको शुल्कको पारिश्रमिक स्वरुप कर बाहेक रु.८८,०००/-(अक्षरुपी अठासी हजार) पारिश्रमिक दिन सभाबाट सर्वसम्मत पारित गरियो ।

४. रिक्त स्वतन्त्र संञ्चालक पदमा संचालक समितिको मिति २०७६/०७/२७ को १७ औ बैठकले श्री कोपिला पोखरेललाई नियुक्ति गरेकोमा यस सभाले अनुमोदन गर्ने निर्णय गरियो ।

ख) **विशेष प्रस्तावहरु**

१. वित्तीय संस्थाको अधिकृत पूँजी रु.६० करोड, जारी पूँजी रु.२० करोड तथा चुक्ता पूँजी रु.१० करोड कायम गर्ने प्रस्ताव वार्षिक साधारण सभाबाट सर्वसम्मतले पारित गरियो ।

२. हाल वित्तीय संस्थाको हाल कायम रहेको जारी पूँजी रु. १०,००,००,०००/- को ४० प्रतिशतले हुन आउने रु.४,००,००,०००/- रकम बराबरको ४,००,००० कित्ता शेयर सर्वसाधारणलाई (संस्थामा कार्यरत कर्मचारीहरु तथा सामूहिक लगानी कोषलाई समेत) सार्वजनिक निष्काशन गर्ने प्रस्ताव पारित गर्ने र सो सम्बन्धि सम्पूर्ण कार्य गर्ने अख्तियारी वित्तीय संस्थाको संचालक समितिलाई प्रदान गर्न सर्वसम्मतले पारित गरियो ।

३. उपरोक्त बमोजिम प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी साधारण सभाबाट पारित हुने निर्णयमा थपघट, समायोजन वा फेरबदल गर्न नियमनकारी निकायबाट सुझाव वा निर्देशन भए अनुरुप गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्न सर्वसम्मतले पारित गरियो ।

# महिला लघुवित्त वित्तिय संस्था लिमिटेडको

## प्रबन्ध-पत्र संसोधन सम्बन्धमा तयार पारिएको तिनमहले

| साविकको व्यवस्था | परिवर्तित व्यवस्था | परिवर्तन गर्नुपर्ने कारण |
|---|---|---|
| **प्रबन्ध पत्रको ६(क), (ख) र (ग) मा भएको साविकको व्यवस्था:** | **प्रबन्धपत्रको ६(क), (ख) र (ग) मा भएको शंसोधन गरिएको व्यवस्था:** | |
| ६. **कम्पनीको पूँजीको संरचना :** कम्पनीको पूँजीको संरचना देहाय वमोजिम हुनेछ : | ६. **कम्पनीको पूँजीको संरचना :** कम्पनीको पूजीको संरचना देहाय बमोजिम हुनेछ : | |
| (क) कम्पनीको अधिकृत पूँजी रू.६०,००,००,०००/- (अक्षरेपी साठ्ठी करोड मात्र) हुनेछ। सो पूँजीलाई रु.१००/- (एक सय रुपैयाँ) दरका ६०,००,००० (साठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । कम्पनीले अग्राधिकार शेयर सम्बन्धी कुनै व्यवस्था गरेको छैन । | (क) कम्पनीको अधिकृत पूँजी रू.६०,००,००,०००/-(अक्षरेपी साठ्ठी करोड मात्र) हुनेछ। सो पूँजीलाई रु.१००/- (एक सय रुपैयाँ) दरका ६०,००,००० (साठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । कम्पनीले अग्राधिकार शेयर सम्बन्धी कुनै व्यवस्था गरेको छैन । | कम्पनीमा आवश्यक लगानी गरी कम्पनीलाई थप सुदृढ वनाउनका लागी । |
| (ख) कम्पनीको जारी पूँजी रू.१०,००,००,०००/- (अक्षरेपी दश करोड मात्र) हुनेछ। सो पूँजीलाई रु.१००/- (एक सय रुपैयाँ) दरका १०,००,००० (दश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ। | (ख) कम्पनीको जारी पूँजी रू.२०,००,००,०००/-(अक्षरेपी बीस करोड मात्र) हुनेछ। सो पूँजीलाई रु.१००/- (एक सय रुपैयाँ) दरका २०,००,००० - बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ। | |
| ग) कम्पनीले तत्काल चुक्ता गर्न कवुल गरेको पुँजी रू.६,००,००,०००/-(अक्षरेपी छ करोड मात्र) हुनेछ। | (ग) कम्पनीको हाल चुक्ता पुँजी रू.६,००,००,०००/-(अक्षरेपी छ करोड मात्र) रहेको छ । सर्वसाधारणको लागि रु.१००/- (एक सय रुपैयाँ) दरका ४,००,००० (चार लाख) थान बराबरको प्राथमिक शेयर निष्काशन गरे पश्चात कम्पनीको चुक्ता पूँजी रू.१०,००,००,०००/- (अक्षरेपी दश करोड मात्र) हुनेछ | |

# महिला लघुवित्त वित्तिय संस्था लिमिटेडको

## प्रबन्ध पत्रमा भएको संशोधित अंश

**प्रबन्ध पत्रको ६(क), (ख) र (ग) मा भएको शंसोधन गरिएको व्यवस्था:**

६. **कम्पनीको पूँजीको संरचना :** कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

(क) कम्पनीको अधिकृत पूँजी रू.६०,००,००,०००/-(अक्षरेपी साठ्ठी करोड मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- (एक सय रुपैयाँ) दरका ६०,००,००० (साठ्ठी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । कम्पनीले अग्राधिकार शेयर सम्वन्धी कुनै व्यवस्था गरेको छैन ।

(ख) कम्पनीको जारी पूँजी रू.२०,००,००,०००/- (अक्षरेपी बीस करोड मात्र) हुनेछ । सो पूँजीलाई रु.१००/- (एक सय रुपैयाँ) दरका २०,००,००० (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) कम्पनीको हाल चुक्ता पुँजी रू.६,००,००,०००/-(अक्षरेपी छ करोड मात्र) रहेको छ । सर्वसाधारणको लागि रु.१००/- (एक सय रुपैयाँ) दरका ४,००,००० (चार लाख) थान बराबरको प्राथमिक शेयर निष्काशन गरे पश्चात कम्पनीको चुक्ता पूँजी रू.१०,००,००,०००/- (अक्षरेपी दश करोड मात्र) हुनेछ ।

उपरोक्त अनुसारको प्रबन्ध पत्रको शंसोधित अंश प्रमाणित गर्ने संचालक